# भाग ५

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकार, नेपाल र मंगोलिया सरकारबीच २०४८ माघ १५ गते तदनुसार १९९२ जनवरी २९ तारिखका दिन सम्पन्न व्यापार सम्झौताको नेपाली र अंग्रेजी प्रमाणिक प्रति नेपाल सन्धि ऐन, २०४७ को दफा १२ को प्रयोजनको लागि प्रकाशित गरिएको छ ।

### श्री ५ को सरकार, नेपाल तथा मंगोलिया सरकारकाबीच सम्पन्न व्यापार सम्झौता

श्री ५ को सरकार, नेपाल तथा मंगोलिया सरकार (यस पछि "संविदाकारी पक्षहरू" भनिएको) ले, दुई देशबीच समानता र आपसी हितका आधारमा व्यापार सम्बन्ध प्रवर्द्धन गर्न इच्छुक भएर, देहाय अनुसार संझौता गर्न सहमत भएका छन्:–

#### धारा – १

संविदाकारी पक्षहरूले दुई देशबीचको व्यापारलाई बढाउन तथा प्रवर्द्धन गर्न तथा समानता र आपसी हितका आधारमा वस्तुहरू र सेवाको आदान-प्रदानलाई प्रोत्साहित गर्नका लागि सबै किसिमका उपायहरू अपनाउने छन् ।

#### धारा – २

संविदाकारी पक्षहरूले भन्सार महसूल, अन्य कुनै प्रकारका दस्तुरहरू, शुल्क तथा यस प्रकारका महसूल र दस्तुरहरू लगाउने विधिका साथै मालसामानको निर्यात तथा आयात सम्बन्धी नियम तथा विनियमहरूका सम्बन्धमा एक अर्कालाई अधिकतम सौविध्यता प्राप्त सुविधा प्रदान गर्ने छन् ।

#### धारा – ३

वर्तमान संझौताको धारा – २ मा गरिएको व्यवस्था देहायको हकमा लागू हुने छैनः–

(क) कुनै संविदाकारी पक्षले सीमा व्यापारलाई बढाउन आफ्ना सीमाना जोडिएका राष्ट्रहरूलाई दिएको सुविधा ।

(ख) कुनै संविदाकारी पक्ष सम्बद्ध भएको वा हुन सक्ने बहुपक्षीय संझौता अन्तर्गत दिइने रियायती व्यवहार वा ग्राह्यता, भन्सार संघ, स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी संझौताहरूका साथै व्यापार सुविधा सम्बन्धमा भएका संझौताहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा – ४

(क) संविदाकारी पक्षहरूले आ-आफ्नो संगठनहरू, कम्पनीहरू, फर्महरू तथा व्यक्तिहरूलाई दुई देशबीच व्यापार गर्न प्रतिनिधि मण्डलहरूको आदान-प्रदान गर्न, व्यापार संझौता तथा करार सम्बन्धी संझौता सम्पन्न तथा कार्यान्वयन गर्न प्रोत्साहन तथा आवश्यक सहयोग प्रदान गर्ने छन् ।

(ख) संविदाकारी पक्षहरूबीचको निर्यात तथा आयात प्रक्रियाहरू दुवै देशमा लागू भइरहेका ऐन तथा नियमहरूको अधिनमा रही दुई देशमा वैदेशिक व्यापार गर्न अधिकृत कानून सम्मत निकायहरू तथा व्यक्तिहरूबीच सम्पन्न करारहरूको आधारमा कार्यान्वयन गरिने छन् ।

धारा – ५

संविदाकारी पक्षहरूले एक अर्का देशमा हुने व्यापार मेलामा भाग लिन तथा दुवै देशका अधिकारीहरूबीच सहमति भएका शर्तहरूको आधारमा एक देशलाई अर्को देशमा व्यापार प्रदर्शनी आयोजना गर्न यथासम्भव सुविधा प्रदान गर्ने छन् ।

धारा – ६

आपसी सहमतिद्वारा कुनै अर्को व्यवस्था नभएमा दुई देशबीच हुने सबै भुक्तानी स्वतन्त्र रूपले विनिमय हुने मुद्रामा गरिने छ ।

धारा – ७

संविदाकारी पक्षहरूले सर्वाधिक उचित तथा सबैभन्दा सस्तो तरिकाबाट सामानहरूको ढुवानी गर्न सबै आवश्यक उपायहरू अवलम्बन गर्ने छन् ।

धारा – ८

संविदाकारी पक्षहरूले आपसमा व्यापार सम्बन्धलाई विस्तार गर्ने उद्देश्यले प्रस्तावहरूको सूत्रपात गर्न तथा वर्तमान संझौताको कार्यान्वयनबाट उठ्न सक्ने विवादहरूलाई सुल्झाउन आवश्यक परेमा परस्पर सरसल्लाह गर्ने छन् ।

धारा–९

यो संझौता हस्ताक्षर सम्पन्न भएको मितिदेखि लागू हुनेछ र ५ पाँच वर्षको अवधिसम्म बहाल रहनेछ । कुनै संविदाकारी पक्षले संझौताको अवधि पूरा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२०

हुने तीन महीना अगावै लिखित सूचना दिई संझौतालाई अन्त्य गर्न चाहेको अवस्थामा बाहेक यो संझौता अरू ५।५ वर्षका अवधिहरूका लागि स्वतः कायम भएको मानिनेछ ।

विक्रम संवत् २०४८ माघ १५ गते तदनुसार इस्वी सन् १९९२ को जनवरी २९ तारिखका दिन नेपाली, मंगोलियाई तथा अंग्रेजी भाषाका तीन सक्कलहरूमा सबै भाषाका प्रतिहरू समान रूपले प्रामाणिक हुने गरी काठमाडौंमा हस्ताक्षर गरियो। मतभेद भएमा अंग्रेजी भाषाको प्रति लागू हुनेछ ।

| | |
|---|---|
| (दुर्गाप्रकाश पाण्डेय) | (बदाम–ओचिरिन दोल्जिन्दसेरेन) |
| सचिव, वाणिज्य मन्त्रालय | विदेश मामिला सम्बन्धी उप-मन्त्री |
| श्री ५ को सरकार, नेपालका निमित्त | मंगोलियन सरकारका निमित्त |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४२१

## Trade Agreement Between His Majesty's Government of Nepal and the Government of Mongolia.

His Majesty's Government of Nepal and the Government of Mongolia (hereinafter referred to as the "Contracting Parties").

Being desirous of promoting trade relations between the two countries on the basis of equality and mutual benefit. Have agreed as follows:—

### Article 1

The Contracting Parties shall take all kinds of measures in order to expand and promote the trade between the two countries and encourage the exchange of goods and services on the basis of equality and mutual benefit.

### Article 2

The Contracting Parties shall grant each other the most favoured nation treatment in respect of customs duties, charges of any kind, fees and the methods of levying such duties and charges as well as of rules and regulations on export and import of commodities.

### Article 3

The provisions of the Article 2 of the present Agreement shall not apply to the following:

a) Advantage accorded by either Contracting Party to its adjacent countries in order to facilitate border trade;

b) Favourable treatment or preference, accorded under multilateral agreements, customs union, free trade area agreements as well as agreements on trade facilities, of which either Contracting Party is or may become a party.

### Article 4

a) The Contracting Parties shall encourage and render necessary assistance to their respective organizations, companies, firms



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२२

and individuals in their efforts to have a trade, exchange of delegations, conclusion and implementation of trade agreements and contracts between the two countries.

b) The export and import operations between the Contracting Parties shall be implemented on the basis of the contracts to be concluded between juridical bodies and individuals, authorized for external trade of the two countries and in accordance with the laws and regulations in effect in both countries.

## Article 5

The Contracting Parties shall facilitate to the extent possible each other's participation in trade fairs to be held in either country, and in arranging trade exhibition of either country in the territory of the other on terms to be agreed between respective authorities.

## Article 6

All payments between the two countries shall be effected in freely convertible currencies, if there is no other arrangement mutually agreed upon.

## Article 7

The Contracting Parties shall take all necessary measures to expedite the transportation of their commodities in the most proper and cheapest way.

## Article 8

The Contracting Parties shall consult each other, if necessary, in order to generate the proposals, aimed at broadening the trade relations between themselves and to settle down issues, which may arise from implementation of the present Agreement.

## Article 9

This agreement shall come into force form the date of its signing and shall remain valid for a period of five years. Unless either Contracting Party wishes to terminate this Agreement by



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२२

giving a three months notice prior to its expiry in writing, the Agreement shall automatically continue in force for further periods of five years.

Done in Kathmandu on January 29th, 1992 in three originals in Nepali, Mongolian and English languages, all texts being equally authentic. In case of any divergence, the English text shall prevail.

| | |
|---|---|
| (Durga Prakash Panday) | (Badam-Ochiryn Doljintseren) |
| Secretary, | Deputy Minister for |
| Ministry of Commerce | External Relations |
| For His Majesty's | For the Government of |
| Government of Nepal | Mongolia |

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
उपसचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२४